फलहरू लागेका भएमा साना फलहरू टिपेर हटाउनुपर्दछ।

### छापो हाल्ने, झारपात व्यवस्थापन र थाँक्रा दिने

पेपिनोमेलनको जरा धेरै गहिरोसम्म नजाने भएकाले माटोको माथिल्लो सतहमा नियमित चिस्यान हुन जरुरी हुन्छ । तसर्थ सुकेका पातहरू, पराल तथा गहुँको छवालीलाई छापोको रूपमा प्रयोग गर्नुपर्दछ । छापोले माटोमा चिस्यान कायम गर्न र झारपातको नियन्त्रणलाई समेत प्रभावकारी हुन्छ।

झारपातको नियन्त्रणका गर्न सिफारिस गरिएको दूरीमा बिरुवा लगाउने र बिरुवा लगाएको केही समयमा हातैले झार निकालेर उकेरा लगाउँदा राम्रो हुन्छ । बिरुवाको वृद्धि विकास तथा फलको गुणस्तरलाई राम्रो बनाउन बेर्ना सारेको २ महिनामा थाँक्रोको व्यवस्था गर्नुपर्दछ।

### रोग तथा कीराहरू

पेपिनोमेलोन गोलभँडा बालीको वर्गमा पर्ने हुँदा यसमा समान प्रकृतिका रोग तथा कीराहरूले नोक्सान गर्ने गर्दछ । पेपिनोमेलोनको रोगहरूमा पछौटे डढुवारोग, थोप्ले डढुवारोग, जरा सड्ने रोग, कागेरोग, पात दोब्रिने तथा ओइलाउने रोगहरू मुख्य हुन् । त्यसै गरी कीराहरूमा पात र डाँठबाट रस चुस्ने कीराहरू जस्तै लाइ, फड्के, मिलिबग, माइट्स र विभिन्न झिँगाहरू, सेतो पुतली र राता कमिलाले पनि यो फललाई दुख दिने गरेको पाइन्छ ।

### उत्पादन र फलको टिपाइ

फल टिप्न योग्य भएपछि बैजनी रङको हुन्छ र फलको वरिपरि धर्साहरू देखिन्छन् । यो फल पूरा पाकेपछि भने हल्का पहेंलो रङको हुछ । पेपिनोमेलनको फल एकै पटक नपाक्ने भएकाले, पाकेका फलहरू टिप्दै जानुपर्दछ । एउटा बोटबाट कम्तीमा पनि ४ केजीदेखि ६ केजीसम्म उत्पादन लिन सकिन्छ ।



फूल फुल्न सुरु गरेको पेपिनोमेलन



फलसहितको पेपिनोमेलन

### सन्दर्भ सामग्री


Prohens, J., Ruiz, J.J. and Nuez, F. 2000. Growing cycles for a new crop, the pepino, in the Spanish Mediterranean.

http://ashipunov.info/shipunov/school/biol_310/2015_spring/presentations/pepino_melon.pdf

https://www.plantfoodathome.com/pepino-melon-how-to-grow-and-eat/

अर्याल, सञ्जय/कुँवर, राजेश, पेपिनोमेलन खेतीप्रविधि र यसका फाइदाहरू केके छन् ? फोकस मल्टिएग्रो कन्सर्न एन्ड रिसर्च प्रा. लि., https://halokhabar.com/news-details/5562र123



**प्रकाशनः**

**नेपाल सरकार**

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**कृषि सूचना तथा प्रशिक्षण केन्द्रद्वारा प्रकाशित**

हरिहरभवन, ललितपुर

प्रकाशन मितिः २०७८

फोन नं. ०१–५४२२२५५८, ५४२५६१७, ५५२२२४८, ५५५५१२७

Email: info@aitc.gov.np, website: www.aitc.gov.np

किसान कल सेन्टर टोल फ्रि नं.: १६६००१९५०००


# पेपिनोमेलन खेती प्रविधि

## PEPINO MELON Cultivation Practices




सरोजकान्त अधिकारी,
वरिष्ठ कृषि प्रसार अधिकृत
कृषि सूचना तथा प्रशिक्षण केन्द्र, ललितपुर ।

## परिचय

पेपिनोमेलन नेपालमा बाहिरबाट भित्रिएको नयाँ फल हो । औषधीय गुण भएकाले यसलाई निकै गुणकारी फलको रूपमा चिनिन्छ । व्यावसायिक रूपमा पेरू, चिली, अस्ट्रेलिया आदि देशमा यसको खेती गरेको पाइन्छ ।यो फल गमलामा पनि लगाउन सकिने र विशेष गरी घरको बगैंचामा सोखको रूपमा धेरै वर्ष अगाडिदेखि फलाउँदै आइएको भए पनि यसको व्यावसायिक सम्भावना र बजारको विषयमा किसानहरूलाई थाहा नभएकाले यो फल फस्टाउन सकेको छैन । विगत ३-४ वर्षदेखि काठमाडौं उपत्यका आसपासका किसानहरूले यसको व्यावसायिक रूपमा खेती गर्न थालेपछि यो फल व्यावसायिकतातर्फ उन्मुख हुन थालेको छ । यो फल काँचोमा तरकारी बनाउन पनि सकिने र पाकेपछि सुगन्धित, ठिक्क गुलियो, तिर्खा मेटाउने खालको हुन्छ । पेपिनोमेलन सोलनेसी परिवारअन्तर्गत पर्ने बहुवर्षीय बाली हो । यसको वैज्ञानिक नाम <u>Solanum</u> <u>muricatum</u> हो ।

नेपालमा पेपिनोमेलन धेरै नामले चिनिन्छ । पेपिनो तर्बुजासमेत भनिने यो बहुगुणकारी फल नेपाली किसानको लागि केही नौलो फलको रूपमा परिचित हुन थालेको छ । खेतबारीदेखि गमलामा, अन्तरबालीको रूपमा र कहीं कतै बगैंचाहरूको सौन्दर्यका रूपमा पनि केही वर्षदेखि नेपालमा फलाइँदै आइएको पाइन्छ ।

स्वास्थ्यका लागि फाइदाजनक यो फलको काठमाडौंलगायतका सहरी क्षेत्रमा कौसीखेतीको रूपमा समेत खेती गरेको पाइन्छ । यो फलको खासै आफ्नो स्वाद पहिचान हुँदैन । विभिन्न ८ फलहरूको स्वाद भिन्नभिन्न रूपमा आउने हुँदा यसलाई एट फ्रुट (आठफल) पनि भनिन्छ । सहरबजारको कौसीकौसीमा अहिले पेपिनोमेलनको खेती सहज फस्टाएको देखिन्छ । हाल काठमाडौं उपत्यकाको कीर्तिपुर तथा टौदहमा किसानहरूले यो फल व्यावसायिक रूपमा फलाउन सुरु गरेको पाइन्छ ।

## पेपिनोमेलन फलको विशेषता

बिरुवा प्रासारण विधि सहज छ ।सजिलैसँग एउटा बिरुवाबाट अर्को बिरुवा उत्पादन गर्न सकिन्छ ।वर्षभरि फलिरहने यसको एउटा बोटले एक पटकको टिपाईमा ४ देखि ६ किलोग्रामसम्म उत्पादन दिन्छ । यो फलमा चिनीको मात्रा कम हुने भएकाले मधुमेहका बिरामीले पनि खान मिल्छ ।यस फलको माग विश्वबजारमा समेत बढ्दो छ ।यसको फलमा भिटामिन A, B, C, प्रोटिन, आइरन आदि प्रशस्त पाउने हुँदा यसलाई सर्वोत्तम फल पनि भनिन्छ । चिनीरोग, मृगौलारोग तथा उच्च रक्तचापको समस्या भएका मानिसहरूलाई यो फल राम्रो मानिन्छ। यो फल हेर्दा राम्रो र खाँदा स्वादिलो मात्र होइन, औषधीय गुणले समेत भरिपूर्ण छ । अमेरिकाको नेसनल इन्स्टिच्युट अफ हेल्थका अनुसार यो फलमा मानवलाई स्वस्थ रहन चाहिने भिटामिन ए, भिटामिन बी, भिटामिन सी, भिटामिन के प्रशस्त पाइन्छ । पेपिनोमा प्रोटिन, फलामजस्ता प्रतिरक्षा प्रणालीलाई आवश्यक पर्ने तत्त्वहरूसमेत हुन्छन् । हड्डी मजबुत बनाउन चाहिने क्याल्सियम, रक्तचाप घटाउन चाहिने पोटासियमसमेत पाइने हुँदा यसलाई सर्वोत्तम फल मानिएको हो र यो फल पिसाबसम्बन्धी रोगमा समेत हितकारी देखिएको छ ।

पेपिनो फलका धेरै प्रकारहरू हुन्छन् । कुनै हरियो, पहेँलो, धर्के हुन्छ भने कुनै पाकेको मेवाजस्तो देखिन्छ ।आकारमा पनि गोलो, लाम्चो, अण्डाकार आदि हुन्छन् । बहुगुणकारी यो फल काँचोमा तरकारीको रूपमा उपभोग गर्न सकिन्छ भने पाकेपछि सुगन्धित तथा हल्का गुलियो हुने भएकोले जुसहरू बनाउन देखि सिधै फलको रूपमा पनि खान सकिन्छ ।

## हावापानी

पेपिनोमेलनका लागि समुद्र सतहबाट करिब ३००० मिटरसम्मको उचाइ, वार्षिक रूपमा ८०० देखि १२०० मिलिमिटर पानी पर्ने, गर्मी मौसम र तुसारो नपर्ने ठाउँ धेरै राम्रो मानिन्छ । हल्का छाया पर्ने ठाउँमा पनि खेती गर्न सकिने भए तापनि व्यावसायिक उत्पादनका लागि भने प्रशस्त घाम लाग्ने र पारिलो ठाउँ उपयुक्त हुन्छ ।

## माटो

पेपिनोमेलनको खेती सामन्यतया सबैखाले माटोमा गर्न सकिने भए तापनि व्यावसायिक उत्पादनको हिसाबले पानी नजम्ने तथा पानीको राम्रो निकास भएको बलौटे दोमट माटो राम्रो मानिन्छ । प्राङ्गारिक पदार्थ प्रशस्त भएको र पि.यच. ५.५ देखि ७.५ सम्मको माटोमा राम्रो उत्पादन लिन सकिन्छ ।

## बिरुवाको प्रसारण

पेपिनोमेलनको प्रसारण बीउ तथा कटिङ हाँगाबाट गर्न सकिन्छ । राम्रो बिरुवा तयार गर्न परिपक्व अथवा फल लाग्नेसमय भएको माउबोट छनोट गर्नु पर्दछ जस्ले गर्दा रोपिएका बिरुवावाट फल छिटो प्राप्त गर्न सकिन्छ । कटिङ विधि सजिलो हुने भएकाले पनि कटिङ गरी तयार गरिएका बिरुवाहरू राम्रा मानिन्छन् ।

### १) कटिङ विधिबाट

पेपिनोमेलन विशेष गरी हाँगा काटेर कटिङ विधिबाट प्रसारण गर्ने गरिन्छ । यसका लागि बर्सात् सिजन उपयुक्त हुन्छ ।५ देखि ६ से.मि को हागा लिएर त्यसलाइ १ भाग बालुवा, १ भाग माटो अनि १ भाग पाकेको कम्पोष्ट मलको मिश्रण तयार गर्नुपर्छ । यसरी तयार गरिएका बिरुवाहरू २० देखि ३० दिनमा रोप्न लायक हुन्छन् । यसरी तयार भएका बिरुवाहरू १×१ मिटर को दुरिमा राम्रोसँग जमिन तयार गरी सार्नुपर्छ।

### २) हाँगालाई माटोमा पुरेर

यसका हाँगाहरूलाई माटोमा राम्रोसँग पुरिदिने हो भने पनि पुरेको भागबाट जराहरू निस्कन्छन् । राम्रोसँग जराको विकास भइसकेपछि जरासहितको हाँगालाई काटेर बेर्नाको रूपमा प्रयोग गर्न सकिन्छ ।

### ३) बीउबाट प्रसारण

बीउलाई नर्सरीमा फागुन-चैत महिनामा राम्रोसँग ब्याड तयार गरी लाइन मिलाएर रोप्नुपर्दछ । ७-१० दिनसम्ममा पेपिनोमेलनको बीउ उम्रन सुरु गर्दछ । यसको वृद्धि विकास बिस्तारै हुने हुँदा ४० देखि ६० दिनमा बेर्ना सार्न तयार हुन्छन् । बेर्ना तयार भएपछि १×१ मिटरको दूरीमा यसलाई रोपण गर्नुपर्दछ ।

## जग्गाको तयारी र बेर्ना सार्ने तरिका

राम्रोसँग समथर पारिएको जग्गामा प्रतिरोपनी २०० किलोग्राम राम्रोसँग पाकेको कम्पोस्ट मल माटोमा राम्रोसँग मिसाउने र बेर्ना सार्दा बेनदिखि बेर्नाको दूरी १×१ मिटरको फरकमा लगाउन सकिन्छ । एक रोपनीमा करिब ४०० देखि ५०० बिरुवाको आवश्यकता पर्दछ।

## सिँचाइ

पेपिनोमेलनलाई चिस्यान आवश्यक पर्ने हुँदा राम्रोसँग सिँचाइको प्रबन्ध मिलाउनुपर्दछ । सिँचाइको कमीले फलमा हुने जुस/रसको मात्रामा असर पार्दछ । कम सिँचाइ हुने ठाउँमा फल्ने फलमा जुसको मात्रा कम हुने गर्दछ भने पानी बढी भएमा फलमा पानीको मात्रा बढ्न गई फलको स्वाद र गुणस्तर रम्रो हुन्छ । तसर्थ सिँचाइ गर्दा बेर्ना सारेको दिनमा एकपल्ट र अरू दिनमा माटोको चिस्यान हेरेर हप्ताको २ देखि ३ पल्ट राम्रोसँग जरामा पुग्ने गरी सिँचाइ गर्नुपर्दछ।

## मलखाद व्यवस्थापन

पेपिनोमेलनका लागि भने प्राङ्गारिक मलको प्रयोग राम्रो मानिन्छ । प्राङ्गारिक मलको प्रयोग एकपल्ट जग्गा तयार गर्ने बेलामा २०० किलोग्राम प्रति रोपनीका दरले र अर्को पटक ठिक्क फूल फुल्ने समय अगाडि र फेरि अर्को पटक फल लाग्न सुरु गरेपछि वा आवश्यकताअनुसार प्रयोग गर्नुपर्दछ ।

बिरुवा सारेको केही समयपछि र फूल फुल्नुभन्दा अगाडि प्रयोग गरिएको मलले बिरुवाको वृद्धि र विकासमा सहयोग हुन्छ । फूल तथा फल लागेपछि प्रयोग गरिने प्राङ्गारिक मलले फलको उत्पादन र गुणस्तरमा सहयोग पुग्छ । बिरुवाको राम्रो विकास तथा उत्पादनका लागि नाइट्रोजन, फस्फोरस तथा पोटासजस्ता खाद्य तत्त्वहरूको व्यवस्था मिलाउनुपर्दछ ।

## बिरुवाको काटछाँट

रोगी, एकआपसमा अल्झिएका र धेरै सूर्यको प्रकाश छेक्ने हाँगाहरू हटाउनुपर्दछ । राम्रो र ठूलो फलका लागि एउटै हाँगामा धेरै